## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: १६-२०८१/०८२

मिति २०८२/०२/२३ गते शुक्रबार  समय: दिनको ११:३० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री जगत बहादुर बस्नेत | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

श्री शरद [illegible] (लेखा अधिकृत)

श्री जीवन उप्रेती (जिन्सी तथा सम्पत्ति शाखा)

श्री सुनि माया थापा (ब्रि.न)

CamScanner

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक

मिति: २०८२/०२/२३ वैठक संख्या: १६-२०८१/०८२

**प्रस्तावहरु:**

१. समीक्षा सम्बन्धमा।
२. आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम छलफल सम्बन्धमा।
३. आ.व. २०८२/०८३ को वार्षिक विकास बजेट छलफल सम्बन्धमा ।
४. कार्यविधि स्वीकृत सम्बन्धमा।
५. देवघाट गा.पा. र जगन्नाथ शान्तिकुञ्ज बीचको संझौता भङ्ग गरी जग्गा तथा भौतिक संरचनाको रेखदेख तथा संरक्षण गर्ने सम्बन्धमा।
६. देवघाट नौमति पञ्चे बाजा उद्योगलाई रकम भुक्तानी गर्ने सम्बन्धमा।
७. सडक हेरालु व्यवस्थापन गर्ने सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं.१** : प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडिको बैठकमा गरिएका निर्णयहरु बारे समीक्षा गरियो र कार्यान्वयन प्रकृयामा गएका निर्णयहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई नियमानुसार कार्यान्वयनको प्रकृयामा अगाडि बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. २:** देवघाट गाउँपालिका स्थित सबै कार्यालयले आ.व. २०८२/०८३ का लागि आवश्यक नीति तथा कार्यक्रमको लागि सुझाव २०८२ जेष्ठ २८ गते सम्म पालिकामा पेश गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. ३:** देवघाट गाउँपालिकाको आ.व. २०८२/०८३ का लागि गत वर्ष वडा कार्यालयलाई तोकिएको वजेट सिलिङको आधार लिई कृषि, पशु, शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखी अत्यावश्यक योजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गरी वडा स्तरीय योजना तथा कार्यक्रम तयार गरी गाउँपालिकामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** देवघाट गाउँपालिका क्षेत्रभित्र हुन सक्ने लैङ्गिक हिंसाका घटनालाई न्यूनीकरण गर्न, लैङ्गित हिंसा निवारणका कार्यक्रम संचालन गर्न एवं हिंसामा परेका व्यक्तिहरुका लागि सहयोग पुर्याउने "देवघाट गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०८२" स्वीकृत गर्ने र सो कार्यविधि बमोजिम कोष स्थापना एवं संचालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५:** देवघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र श्री जगन्नाथ शान्तिकुञ्ज, देवघाट तनहुँ बीच मिति २०७५/०९/१० मा भएको संझौता अनुरुप श्री जगन्नाथ शान्तिकुञ्जले कार्य गरेको नदेखिएको र दाताहरुको सहयोगबाट बनेका भौतिक संरचनाहरु प्रयोग विहिन, संरक्षण विहिन भएको हुँदा उक्त संझौता आजैका मितिमा भङ्ग गरी जग्गा जमीन सहितको भौतिक संरचना गाउँपालिकाको रेखदेख र नियन्त्रणमा रहने र सोको अनुमोदनका लागि आगामी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. ६:** देवघाट गाउँपालिका वडा नं. ५ वेणीसंगम देखि मुक्तिनाथ दामोदरकुण्डसम्मको धार्मिक पर्यटन पैदल यात्राको लागि मिति २०८२/०२/२२ गते पैदलयात्रा शुभारम्भको क्रममा देवघाट नौमति पञ्चेबाजा उद्योग, देवघाट-५ ले वाद्यवादन गरी मांगलिक शोभायात्रामा सहयोग पुर्याए वापत रु. १६,०००।– (अक्षरुपी सोह्र हजार रुपैयाँ) उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७:** यस वर्षको वर्षातलाई मध्यनजर गरी देवघाट गाउँपालिका स्थित सबै वडामा रहेका मुख्य बाटोहरुलाई वर्षातको बाढी, भेल कटाइ एवं सानातिना पैरो हटाई आवागमनमा सहज पुर्याउन वडा नं. १ मा २ जना, वडा नं. २ मा ५ जना, वडा नं. ३,४ र ५ मा ३/३ जना गरी जम्मा १६ जना ३ महिनाका लागि बाटो हेरालुको व्यवस्थापन गर्ने र उक्त बाटो हेरालुको कार्य गरे वापत वडा अध्यक्षको डोर हाजिरी प्रमाणितको आधारमा प्रति व्यक्ति मासिक रु. १२,०००।– (अक्षरुपी बाह्र हजार रुपैयाँ) का दरले पारिश्रमिक वापतको रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तिल बहादुर थापा,
अध्यक्ष